दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ९ संख्या - २ मिति: २०८२।०५।२३

**भाग - २**

**दुहुँ गाउँपालिकाको कर्मचारी फिल्ड सम्बन्धी कार्यविधि, २०७९ पहिलो संशोधन, २०८२**

| कार्यपालिकाबाट स्वीकृत मिति | २०८२।०५।२३ |
|---|---|

## प्रस्तावनाः-

नेपाल संघीयता कार्यान्वयनको चरणमा अगाढी बढेको विद्यमान परिस्थितिमा स्थानीय तहमा कर्मचारीको कार्यक्षेत्र व्यापक भएको तर सो अनुरुप जनशक्ति थप हुन नसकेको कारण कार्यालय समय भित्र मात्र कार्य सम्पादन गरी दैनिक प्रशासनिक कामका अलवा सेवा प्रवाहलाई अझ चुस्त दुरुस्त तथा प्रभावकारी बनाई विकास निर्माण कार्यलाई समेत तिब्रता दिन अतिरिक्त समय काम गरे बाफत थप सेवा सुविधा उपलब्ध गराई



*पहिलो संशोधनद्वारा संशोधित

सेवा प्रवाहमा थप प्रभावकारिता तथा सुशासन पर्बद्धन गर्न वान्छनिय भएकोले *गाउँपालिका र अन्तरगतका कार्यालयहरुमा कार्यरत स्थायी र अस्थायी कर्मचारीको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(२) अनुसार स्थानीय प्रोत्साहन सुविधा प्रदान गर्न ऐनको दफा १०२ को उपदफा १ अनुसार दुहुँ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद –१

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "दुहुँ गाउँपालिकाको कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७९ " रहेको छ।

(२) यो कार्यविधि आ.व २०७९ श्रावण १ देखि लागु हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले "दुहुँ गाउँपालिकाको कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७९" सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले दुहुँ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "मातहतका कार्यालय" भन्नाले दुहुँ गाउँपालिका मातहतका वडा कार्यालय तथा विषयगत शाखाहरू सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झुन पर्दछ।

(ज) "प्राविधिक कर्मचारी" भन्नाले गाउँपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत ईन्जिनियर वा *प्राविधिक अधिकृत (छैटौं), सब-ईन्जिनियर र असिष्टेण्ट सब-ईन्जिनियलाई सम्झुन पर्दछ।

## परिच्छेद–२

**३. फिल्ड सुविधा :-** (१) यस गाउँपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई कार्यालयले यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गर्ने छ। यस आर्थिक



*पहिलो संशोधनद्वारा संशोधित

वर्ष भन्दा अगावै नियुक्त भई कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७९ श्रावण १ गते देखि र तत्पश्चात नियुक्त हुने कर्मचारीहरुलाई निज नियुक्त भई हाजिर भएको मिति देखि फिल्ड सुविधा प्रदान गरिनेछ।

**४. मासिक फिल्ड भ्रमण फाँटवारी पेश गर्नुपर्ने :-** (१) यस कार्यविधि बमोजिम योजनाको सर्भे गर्न, लगत ईस्टिमेट तयार गर्न, रनिङ बिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादनको स्तर जाँच गर्न या कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भैसके पश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेरेको भएमा सो को विवरण अनुसूची १ बमोजिम मासिक फिल्ड भ्रमण फाँटवारी पेश गर्नु पर्नेछ।

(२) अनुसुची १ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटवारी तयार भइसकेपछि भौतिक पूर्वाधार शाखा प्रमुखबाट अनुमोदन गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि भौतिक पूर्वाधार शाखा प्रमुखको हकमा मासिक फिल्ड भ्रमण फाँटवारी प्रमुख प्रशासकीय अधिकृतले अनुमोदन गर्नेछ।

(४) उपदफा १ बमोजिम फाटवारी पेश नगर्ने कर्मचारीले फिल्ड सुविधा दाबी गर्नु हुँदैन।

**५. प्राथमिकीकरण गर्नुपर्ने :-** (१) यस कार्यविधि बमोजिम फिल्डमा खटिदा भौगोलिक रुपमा टाढा रहेका योजनाहरुलाई प्राथमिकीकरण गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम फिल्डमा खटिँदा प्राविधिक कर्मचारीहरुले कार्य विभाजन समेत गर्नु पर्नेछ।

**६. असुल उपर गरिने :-** यस कार्यविधि विपरित बढी फिल्ड सुविधा उपभोग गरेको वा दफा ५(१) बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

**७. फिल्ड सुविधा :-** (१) दफा ४ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटवारी पेश भई सके पश्चात गाउँ कार्यपालिकामा कार्यरत ईन्जिनियर वा प्राविधिक अधिकृत (अधिकृतस्तर छैठौ) को हकमा प्रति महिना रु. *१५,०००।००, गाउँ कार्यपालिकामा कार्यरत सब-ईन्जिनियर (सहायकस्तर पाँचौ) को हकमा प्रति महिना रु. १२,०००।००, वडा कार्यालयमा कार्यरत सब-ईन्जिनियर (सहायकस्तर पाँचौ) को हकमा प्रति महिना रु. १०,०००।०० र असिष्टेण्ट सब-ईन्जिनियर (सहायकस्तर चौथो) को हकमा प्रति महिना रु. ८,०००।०० फिल्ड भत्ता उपलब्ध गराइनेछ। जसमा नियमानुसार कर कट्टि गरिनेछ।

(२) वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीलाई गाउँ कार्यपालिकामा खटाईएमा उपदफा १ बमोजिमको सुविधा प्रदान गर्न वाधा पर्ने छैन।

**८. खर्चको श्रोत:-** गाउँसभाबाट विनियोजन हुने फिल्ड भत्ता शिर्षकबाट यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिनेछ।



*पहिलो संशोधनद्धारा संशोधित

**९. सुविधा कम हुने गरी निर्णय गर्न सक्ने:- (**१) यस कार्यविधिले प्राविधिक कर्मचारीहरुका लागि निर्धारण गरेको सुविधामा कर्मचारीको कार्यसम्पादन अनुसार कम गर्न बाधा पर्ने छैन।

(२) गाउँपालिका क्षेत्र बाहेकका अन्य स्थानमा प्राविधिक कर्मचारीलाई भ्रमण आदेश दिई खटाउँदा प्रचलित नियमानुसार भ्रमण खर्च प्रदान गर्न बाधा पर्ने छैन।

## परिच्छेद–३

**१०. असल नियतले गरेका कामको बचाऊ :-** (१) यस कार्यविधि बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा गाउँपालिकाका कर्मचारी, प्राविधिक कर्मचारी, जनप्रतिनिधि वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन।

(२) प्राविधिक कर्मचारीहरुले आंशिक रुपमा कार्यालयमा गरेका काम कारवाहीहरुलाई पनि मासिक फिल्ड भ्रमण फाँटवारीमा समावेश गर्न बाधा पर्ने छैन।

**११.प्रचलित कानुन बमोजिम हुने :-** यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन।

**१२.बाधा अड्काउफुकाउने अधिकार :-** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन टोलीको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाइने छ।

(२) यस कार्यविधि प्रतिकूल हुने गरी कार्यपालिकाले गरेका निर्णयहरु यो कार्यविधि लागु भएपछि खारेज भएको मानिनेछ।

**१३. संशोधन :-** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ।

**१४. अधिकार प्रत्यायोजन :-** गाउँ कार्यपालिकाले यस कार्यविधिको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार *गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।



*पहिलो संशोधनद्वारा संशोधित

**अनुसूची १**

दफा ३(१) सँग सम्बन्धित

दुहुँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला।

विषय :- मासिक फिल्ड भ्रमण फाँटवारी।

मिति ...... साल ................ महिनामा यस गाउँपालिका अन्तरगतका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरिएको व्यहोरा अनुरोध छ।

| गते | अनुगमन स्थल | अनुगमनबाट प्राप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |



*पहिलो संशोधनद्धारा संशोधित

| | | | |
|---|---|---|---|
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सही हुन। अन्यथा ठहरे सहुँला/बुझाउँला।

**पेश गर्ने**
नाम, थर :
दर्जा :
हस्ताक्षर:

**प्रमाणित गर्ने**
नाम, थर :
दर्जा :
हस्ताक्षर :



*पहिलो संशोधनद्धारा संशोधित

## अनुसूची २

दफा ७ (१) सँग सम्बन्धित
कर्मचारिहरुको फिल्ड भत्ता

| क्र.स. | तह/ पद | फिल्ड भत्ता रकम (मासिक) |
|---|---|---|
| १. | ईन्जिनियर वा प्राविधिक अधिकृत (अधिकृतस्तर छैटौं) (गाउँ कार्यपालिकामा कार्यरत) | रु. १५,०००।- |
| २. | सब-ईन्जिनियर वा सहायकस्तर पाचौं (गाउँ कार्यपालिकामा कार्यरत) | रु. १२,०००।- |
| ३. | सब-ईन्जिनियर वा सहायकस्तर पाचौं (वडा कार्यालयमा कार्यरत) | रु. १०,०००।- |
| ४. | असिस्टेण्ट सब-ईन्जिनियर वा सहायकस्तर चौथो | रु. ८,०००।- |

आज्ञाले,
दिनेश जोशी
प्रमुख प्रशासकीय अधिकृत



*पहिलो संशोधनद्धारा संशोधित